# गौरीशंकर गाउँपालिका

**Gaurishankar Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
सुरी,दोलखा । Suri, Dolakha
बागमती प्रदेश,नेपाल, Bagmati Province, Nepal


पत्र संख्या / Ref. no : ०८२।८३
च.न. / Dispatch No :

मिति: २०८२।०४।०४

## औषधी उपचार खर्चको लागि नामावली नवीकरण सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०८२/०४/०४)**

मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गराइरहेका, क्यान्सर रोगी, र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ६ अनुसार प्रत्येक आर्थिक बर्षको सुरुमा प्रत्येक लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम आ. व. २०८१/८२ सम्म उक्त कायविधि अनुसार यस गाँउपालिकाबाट औषधी उपचार खर्च लिएका लाभग्राहीहरुले आ. व. २०८२/८३ मा औषधी उपचार खर्च प्राप्त गर्न तपसिल बमोजिमको कागजात सहित वडा कार्यालयमा सर्म्पक गरी २०८२ भाद्र १५ गते भित्र नामावली नविकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयावधीमा नामावली नविकरण नभएका लाभग्राहीहरुको औषधी उपचार खर्च निकासा नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आवश्यक कागजातहरु :**

१) नविकरणको लागि तोकीएको ढाँचामा लेखिएको विरामीको निवेदन
२) विरामीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ( बालबालिकाको हकमा जन्मदर्ता )
३) पछिल्लो पटक जाँच गरेको (Follow Up) खुल्ने अस्पतालको कागजात

..................
भीमसेन विष्ट
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ**

श्री सुचना तथा प्रविधि शाखा ( Web side मा अपलोड गरिदिनु हुन ।)
श्री वडा कार्यालय (सबै) (भाद्र १५ गते सम्म नविकरण गरी नविकरणको सूची र कागजात गाँउपालिकामा पठाउनुहुन ।)

CamScanner

# निवेदनको ढाँचा

मिति : २०८२/

/

श्री गौरीशंकर गाँउपालिका

............नं. वडा कार्यालय

सुरी, दोलखा ।

विषय : औषधी उपचार खर्चको लागि नामावली नवीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा मृगौला प्रत्यारोपन गरेका, डायलाईसिस गराइरहेका, क्यान्सर रोगी, र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ६ अनुसार प्रत्येक आर्थिक बर्षको सुरुमा प्रत्येक लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने व्यबस्था बमोजिम आ. ब. २०८१/८२ मा मैले उक्त कार्यविधि अनुसार औषधी उपचार खर्च प्राप्त गरेकोमा आ. व. २०८२/८३ मा पनि उक्त सुविधा प्राप्त गर्न आवश्यक कागाजात सहित नामावली नविकरणका लागि यो निवेदन पेश गरेको छु ।

निबेदक

नाम थर :

ठेगाना :

हस्ताक्षर :

सर्म्पक नं.

(stamp:) शीलराज विष्ट
नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner